" सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशि"

**सुशासन, विकास र जवाफदेहिताको लागि**

**सुनकोशी गाउँपालिकाको चालु आ.व. २०८०/८१ को योजना, कार्यक्रम र सेवा प्रवाह सम्बन्धी**

# दोस्रो सार्वजनिक सुनुवाई

# प्रतिवेदन

**२०८१, असार ३१**

# विषयसूची


१) पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा ........ १
२) राजश्व शाखा ........ ३
३) विपद् व्यवस्थापन शाखा ........ ४
४) योजना शाखा ........ ५
५) पूर्वाधार शाखा ........ ६
६) सूचना प्रविधि शाखा ........ ८
७) कृषि, पशु तथा सहकारी विकास शाखा ........ ८
८) न्यायिक शाखा ........ ९
9) स्वास्थ्य शाखा ........ १०
१०) शिक्षा, युवा तथा खेलकुद शाखा ........ १२
११) प्रशासन शाखा ........ १४
१२) आर्थिक प्रशासन शाखा ........ १५
१३) आन्तरिक लेखा परीक्षण शाखा ........ १७
१४) रोजगार सेवा केन्द्र ........ १७
१५) गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम ........ १७
१६) जिन्सी शाखा ........ १८
१७) सामाजिक विकास शाखा ........ १८
१८) बहुक्षेत्रीय पोषण कार्यक्रम ........ १९
१९) कार्यक्रमका केही तस्वीरहरु ........ २०

## १) पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम गाउँपालिकाभित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नविकरण: २७१० जना
- सामाजिक सुरक्षा भत्ता वितरण पहिलो, दोश्रो र तेश्रो त्रैमासिक भत्ता गरी तीन किस्तामा रु. ८,१९,२३,६५७।- वितरण सम्पन्न भएको
- सामाजिक सुरक्षा भत्ता वितरण पहिलो, दोश्रो, तेश्रो र चौथो त्रैमासिकमा गरी चार किस्तामा रु. ११,००,३४,३४०।- वितरण भएको छ ।

| त्रैमासिक | लाभग्राही संख्या | वितरण रकम |
|---|---|---|
| पहिलो | २७२२ | रु.२,७१,७६,४३४।- |
| दोश्रो | २७३८ | रु.२,७३,४१,८९६।- |
| तेश्रो | २७५२ | रु.२,७४,०५,३२७।- |
| चौथो | २८३१ | रु.२,८१,१०,६८३।- |
| कुल जम्मा | | रु. ११,००,३४,३४०।- |

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नयाँ दर्ता भएका लाभग्राही संख्या: २२८

| वडा नं | अन्य जेष्ठ नागरिक | अन्य जेष्ठ दलित | जेष्ठ नागरिक एकल महिला | विधुवा | पूर्ण अपाङ्ग | अति अशक्त अपाङ्ग | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | २८ | ० | ० | १ | ० | २ | ४ | ३५ |
| २. | ११ | ० | ० | १ | ० | २ | ३ | २३ |
| ३. | ११ | ० | ० | २ | ० | १ | ७ | २१ |
| ४. | १० | ० | ० | ३ | ० | १ | १ | १५ |
| ५. | २० | ० | ० | ८ | ० | ४ | ५ | ३७ |
| ६. | २९ | ० | ० | ४ | ४ | ७ | ७ | ५१ |
| ७. | २४ | ० | ० | ५ | ० | ८ | ९ | ४६ |
| जम्मा | | | | | | | | २२८ जना |

➢ लगत कट्टा गरिएको लाभग्राही संख्या: ७६

| वडा नं | अन्य जेष्ठ नागरिक | अन्य जेष्ठ दलित | जेष्ठ नागरिक एकल महिला | विधुवा | पूर्ण अपाङ्ग | अति अशक्त अपाङ्ग | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | ८ | ० | ० | ० | ० | ० | ० | ८ |
| २. | ८ | ० | ० | ० | ० | ० | २ | १० |
| ३. | ५ | ० | ० | ० | ० | ० | ३ | ८ |
| ४. | ११ | ० | २ | ० | १ | ० | ० | १४ |
| ५. | ७ | १ | १ | १ | ० | ० | २ | १२ |
| ६. | १३ | ० | ० | ० | १ | १ | २ | १७ |
| ७. | ७ | ० | ० | ० | ० | ० | ० | ७ |
| जम्मा | | | | | | | | ७६ जना |

➢ सबै वडा कार्यालयबाट अनलाईन घटना दर्ता हुने गरेको र हालसम्म ७६१ व्यक्तिगत घटना दर्ता सम्पन्न

| वडा नं | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | | |
| १. | ३३ | १९ | ५२ | ११ | ११ | २२ | २ | २२ | ० | ० | १ | ४ | ० | १०३ |
| २. | २० | २० | ४० | १२ | ७ | १९ | ४ | २१ | ० | ० | ४ | १० | ० | ८९ |
| ३. | ३१ | २१ | ५२ | ६ | ४ | १० | २ | २८ | ० | ० | ७ | ३५ | ० | ९९ |
| ४. | ३५ | १९ | ५४ | ७ | ५ | १२ | ० | २८ | ० | ० | १ | ५ | ० | ९५ |
| ५. | ४१ | ३२ | ७३ | १३ | १० | २३ | ३ | ३६ | ० | ० | ६ | १८ | ० | १४१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | ३७ | ३० | ६४ | २१ | १५ | ३६ | ५ | [illegible] | ० | ० | ३ | १६ | ० | १४४ |
| ७. | ३६ | २५ | ६१ | १० | १५ | २५ | १ | २२ | २ | ६ | ० | ० | ० | १११ |
| कुल जम्मा | २३३ | १६६ | ३८९ | ७८ | ६७ | १४५ | १७ | १९० | २ | ६ | २२ | ८८ | ० | ७८२ |

## २) राजश्व शाखा

आर्थिक ऐन, २०८०, घ बर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ तथा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण नियमावली, २०७७ बमोजिम गाउँपालिकामा प्राप्त भएको राजस्व विवरण

वडागत रावश्व संकलन

| वडा नं | मालपोत | सिफारिस | व्यक्तिगत घटना दर्ता | जम्मा |
|---|---|---|---|---|
| १ | ८४८३५ | ११२०४१ | २९५०० | २२६३७६ |
| २ | ६९७८५ | ५५७५९ | १३२०० | १३८७४४ |
| ३ | ६६३१९ | ४५३२० | ७१०० | ११८७३९ |
| ४ | २०९५० | ३९४६५ | १२५०० | ७२९१५ |
| ५ | २६२०४ | ३९१५० | ३२७०० | ९८०५४ |
| ६ | २५१२७९ | २११०१८ | ४९४०० | ५११६९७ |
| ७ | १०८६१० | ७४९८७ | २५८०० | २०९३९७ |
| **जम्मा** | **६२७९८२** | **५७७७४०** | **१७०२००** | **१३७५९२२** |

गाउँपालिकागत रावश्व संकलन

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १. | नक्सा किताव | ५००।- |

| | | |
|---|---|---|
| २. | भवन अभिलेखीकरण | १८६०७।- |
| ३. | नक्सा पास | १२२९।- |
| ४. | घर बहाल कर | ३७५६९७।- |
| ५. | अन्य शुल्क | ६१५५५७।- |
| ६. | परिक्षा शुल्क | ४८३४४८।- |
| ७. | व्यवसाय दर्ता | ४७६५०।- |
| ८. | व्यवसाय नविकरण | १०९१००।- |
| ९. | ठेक्का नविकरण | ३३२५००।- |
| १०. | भ्यूटावर प्रवेश शुल्क | २५०००।- |
| कुल जम्मा | | २०,०९,२८८।- |

कुल जम्मा संकलित राजश्व रु. ३३,८५,२१०।-

## ३) विपद् व्यवस्थापन शाखा

- यस अवधिमा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको बैठक संख्या: २
- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९, गाउँ कार्यपालिकाको विभिन्न मितिका बैठक र अध्यक्षज्यूको तोक आदेश बमोजिम विपद् व्यवस्थापनको लागि विभिन्न शीर्षकमा भएका खर्च ।

| क्र.सं. | विवरण | लाभग्राही संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | प्राकृतिक विपद सहायता पहिरो रोकथाम ५०।५० प्रतिशत साझेदारी कार्यक्रम ३० हजारको दरले | ३३ | ११,३०,०००।०० | |
| २. | प्राकृतिक विपद् सहायता दिर्घरोगी उपचार सहायता कार्यक्रम | १ | ११,०००।०० | |
| ३. | पशुधन क्षति सहायता कार्यक्रम | २ वटा | ३०,०००।०० | गाई मरेको |
| ४. | आवास निर्माण सहायता कार्यक्रम | १ घरधुरी | ७५,४२९।०० | |

| | | | | |
|---|---|---|---|---|
| ५. | बसन्तपुर खेल मैदान सहयोग | ५०० लाभान्वित | ३४,१४१।९६ | |
| ६. | सुनकोशी क्याम्पस सहयोग | ५० जना | ५०,०००।०० | |
| ७. | पुननिर्माणका लागि १० प्रतिशत साझेदारीमा | ५ लाभग्राही | २,५०,०००।०० | |
| ८. | त्रिपाल खरिद तथा वितरण | ३५ घरधुरी | १,००,०००।०० | |
| ९. | पोलिथिन पाइप खरिद | १७६ घरधुरी | ३,७०,४७६४।४५ | |
| १०. | तार जाली खरिद तथा वितरण | ५० जना | १,३०,९९५२।५० | |
| ११. | लम्पी स्कीन रोग नियन्त्रणका लागि औषधि खरिद तथा वितरण | १०८७ पशुवस्तु | ६,१३,२७५।०० | |
| १२. | लम्फी स्कीन नियन्त्रणको लागि भोलिन्टियर पारिश्रमिक तथा खाजा खाना | ५ जना | ३,३०,७९३।५० | |
| १३. | जस्तापाता सहयोग | २ घरधुरी | ७१,०७८।१३ | |
| १४. | सितलपाटी लिफ्ट खानेपानी मर्मत | ५०० घरधुरी | ३,३१,४४०।८२ | |
| १५. | घर्ती गाउँ खानेपानी मर्मत तथा सिमखण्ड टोल सिंचाई | १५० घरधुरी | ६२,२५९।०० | |
| १६. | आगलागीजन्य सहायता | १ | २,५०,०००। | |
| | कुल जम्मा खर्च | | ८३,९४,१३४।३६ | |

## ४) योजना शाखा

- जम्मा योजना संख्या: ३०५ वटा
- सम्झौता नभएका/कार्यान्वयनमा नगएका: ९
- सम्झौता भएका योजना संख्या: २९६ वटा
- सम्पन्न भई अनुगमन तथा भुक्तानी भएका योजनाहरु: २९६ वटा
- असार मसान्तसम्मको प्रगति: ९७.०४ प्रतिशत

**योजनाहरुलाई क्षेत्रगत रुपमा निम्नानुसार वर्गिकरण गर्न सकिन्छ**

१ पूर्वाधारका निर्माणका क्षेत्र: १०६ वटा

२ सिंचाईका क्षेत्र: २७ वटा

३ खानेपानी क्षेत्रहरु: १९ वटा

४ सामुदायिक भवन, प्रतिक्षालय निर्माणका क्षेत्र: २८ वटा

५ मठ मन्दिर/चर्च/गुम्बा निर्माण तथा मर्मत: ३४ वटा

६ शिक्षाको क्षेत्र: १० वटा

७ पहिरो नियन्त्रण तथा बस्ती नियन्त्रण विपद्को क्षेत्र ७ वटा

८ कृषी क्षेत्रः २ वटा

९ अन्य बिबिध क्षेत्र ७२ वटा

**बजेट आकारको आधारमा योजनाहरु**

१. ३ लाख सम्म योजनाहरुः २२१ वटा

२. ५ लाख सम्मा योजनाहरुः ५२ वटा

३. १० लाख सम्मका योजनाहरुः ८ वटा

४. १० माथिकाः १४ स-शर्त र समपुरक समेत योजनाहरु

**समन्वय तथा सहकार्य**

- वडा कार्यालयसँगको सहकार्यमा वडा तहमा नै योजना सम्झौता हुँदै आएको छ ।
- लाभग्राहीरुलाई सहजताको लागि लक्ष्मी बैकसँगको समन्वयमा बैकमा खाता सन्चालन पश्चात् विधुत्तिय भुक्तानीका लागि ई-मेल मार्फत खाता नं. प्राप्त गर्ने र सिन्धु विकास बैकबाट चेक नै प्राप्त हुँदै आएको छ ।
- ठूला साना हरेक योजना वडा कार्यालयबाट अनुगमनका लागि कार्यालयमा फाईल प्राप्त भए पश्चातको सोमबार र बुधबार नियमित अनुगमन गरी विधुतीय प्रद्धती मार्फत उपभोत्ता समितिको खातमा भुक्तानी हुने गरेको ।

## ५) पूर्वाधार शाखा

- माटो सडक, नयाँ ट्रक्याक ३.२५ कि. मि.
- पक्की नाली ४.९० कि. मि.
- सडक ढलान ४.१९ कि. मि.
- सडक चौडा २४.५० कि. मि.
- सडक सरसफाई २०.०३ कि. मि.
- सोलिङ कार्य ७.६६ कि. मि.
- सिँढी निर्माण २७५१ वटा
- ५ नं. वडा र ६ नं. वडालाई जोड्ने गरी रु. ५९ लाखको लागतमा सुनखानी थुम्पाखर पाखरखोला झोलुङ्गे पुल निर्माण सम्पन्न,
- ३ नं. वडा र ४ नं. वडालाई जोड्ने गरी रु. ५२ लाखको लागतमा सुनखानी यमुना सुनखानी झोलुङ्गे पुल निर्माण सम्पन्न,

- समपुरक बजेट मार्फत् वडा नं २ को ठोकर्पा मा.वि. काफ्लेलीटोल सडकको लागि रु. १ करोड तथा बाबुराम चोक रैकर सडक लागि रु. १ करोडको लागतमा बोलपत्र आव्हान भए बमोजिम सम्झौता भई काम सडक ढलान तथा स्तरीकरण कार्य सम्पन्न भएको,
- सुनकोशी गाउँपालिका वडा १ न. र २ नं. ठोकर्पाका कृषकहरुको मागलाई मध्ये नजर गर्दै कृषि उपज केन्द्र र संकलन केन्द्र निर्माणका क्रमश रु.१५/१५ लाखमा २ स्थानमा भौतिक संरचनाहरु उपभोक्ता समिति मार्फत गरिएकोमा वडा नं. २ को सम्पन्न भइसकेको र वडा नं. १ को समेत निर्माणको चरणमा रहेको,
- संघीय स्वास्थ्य मन्त्रालयको सशर्त बजेटबाट वडा नं. ४, को देवीस्थान स्वास्थ्य चौकी स्तरोन्नती, वड नं. ३ को कालिका स्वास्थ्य चौकी भवन निर्माण तथा स्तरोन्नती र वडा नं. ५ को यमुना डाडा स्वास्थ्य चौकी भवन स्तरोन्नतीको लागि ठेक्का आव्हान गरी लागत अनुमान बमोजिम कार्य सम्पन्न । 2135223.05, २७९६६६६। र ३०६८५८९। खर्च
- संघीय समपुरक अनुदानमा ७ नं. वडामा लप्से खोला काप्सल सडक निर्माणको लागि रु. १,२०,००,०००। को बोलपत्र आव्हान भएकोमा रु. 7180215.7 मा ठेक्का सम्झौता भई १०० प्रतिशत कार्य सम्पन्न ।
- प्रदेश समपुरक अनुजिमाल टोल माख्लो गाउँ सडकको लागि रु. २,००,००,०००।, रतनकोट वडा कार्यालय सडकको लागि रु. १,००,००,०००।, बाबुराम चोक रैकर सडकको लागि रु. १,००,००,०००। र ठोकर्पा मा.वि. पोखरेली टोल काफ्ले सडकको लागि रु. १,००,००,०००। विनियोन भएकोमा क्रमश ११८६१५५४.५६, ३९९६३१९.९८, ५७४५८७५।२७ र ५७४५२९५.४४ मा सम्झौता भई रतनकोट वडा कार्यालय सडकको ८१.१३ भौतिक प्रगति भएको अन्यको शत प्रतिशत रहेको छ ।
- वडाको सिलिङ बजेटबाट २ नं. वडा कार्यालयको घेराबारको लागि रु २५,००,०००। विनियोजन भएकोमा शिलबन्दी दरभाउपत्र मार्फत कार्य सम्पन्न भएको,
- संघीय अनुदानबाट गाउँपालिकाका सात वटै वडाका विभिन्न २७ स्थानमा सौर्य सडक वत्ती जडान सम्पन्न ।
- गाउँपालिका स्तरीय भिलेज प्रोफाईल निर्माण सम्पन्न भई गाउँपालिकाको वेभसाईटमा अपलोड हुने क्रममा रहेको,
- प्रदेश सरकारको आर्थिक सहयोगमा गाउँपालिका स्तरीय स्तरीय खानेपानी तथा सरसफाई योजना (Wash Plan) निर्माण सम्पन्न,
- सुनकोशी नदीबाट नदी जन्य सामग्रीको दिगो उत्खननको लागि सम्क्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयार भई नदीजन्य पदार्थको ठेक्का आव्हानको तयारी ।

## ६) सूचना प्रविधि शाखा

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा सहजीकरण गरी सो मा ७५% अंक प्राप्त गरेको,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा सहजीकरण गरी ८२% अंक प्राप्त गरेको,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरबारद्वारा कार्य सम्पादन मूल्याङ्कनबाट प्राप्त अङ्क-४८.०१ (जिल्लामा चौथो - गाउँपालिकामा तेस्रो),
- नियमित वेबसाइट तथा सोसल मिडिया फेसबुकको अध्यावधिक गर्ने तथा विद्युतीय माध्यमबाट पत्र आदान प्रदान गर्ने गरेको,
- सिसिटीभी तथा ई-हाजिरी (जम्मा कार्यान्वयन संख्या २९) को नियमित व्यवस्थापन,
- संघीय सरकारद्वारा प्रदान गरिएको पोर्टल, विपद् व्यवस्थापन प्लेटफर्म तथा बजेट प्रविष्टि अनलाइन प्लेटफर्मको प्रयोग तथा अद्यावधिक,
- कर्मचारीहरुलाई अनलाइन प्रविष्ट लगायतका कृयाकलापमा सहयोग तथा सहजीकरण,
- वडा तथा गाउँपालिका अन्तर्गतका निकायमा कम्प्युटर लगायत अन्य इलेक्ट्रोनिक्स उपकरणमा आएका समस्यामा सहयोग तथा सहजीकरण र डिजिटल बोर्ड व्यवस्थापन,
- विद्यालयहरुमा तथा वडाहरुमा ICT र अन्य इलेक्ट्रोनिक्स उपकरणको स्पेसिफिकेशन निर्माण तथा समन्वय,
- कार्यपालिकाको भवनमा टेलिफोन इन्टरकमको व्यवस्थापन र डिजिटल बोर्ड व्यस्थापन ।

## ७) कृषि, पशु तथा सहकारी विकास शाखा

- नयाँ समुह दर्ता तथा नविकरण: ७ वटा,
- नयाँ फर्म दर्ता तथा नविकरण: ३८ वटा,
- रासायनिक मल डिलरसिप नविकरण: ९ वटा,
- रासायनिक मलको कोटा निर्धारण समितिको बैठक: १५ पटक,
- किसान सूचिकरण कार्यक्रम मार्फत वडा नं. २ र ४ का २१६ जना कृषक सूचिकृत गरिएको,
- लम्पि स्किन महामारीको समयमा पशुपालक कृषकको घरघरमा पुगी १०८७ पशु वस्तुको उपचार,
- संघीय विशेष अनुदानमा आधारित भई कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि संचालन कार्यविधि, २०८० मस्यौदा गरिएको,
- स्वीकृत कार्यविधि बमोजिम गाई, भैंसी तथा बाख्रा पालन कार्यक्रमको लागि सूचना आव्हान तथा लाभग्राही छनौट गरी सम्झौता गरी ३९ जना बाख्रापालक किसानलाई ७५ प्रतिशत अनुदान

स्वरुप रु. १९५००००। उपलब्ध गराइएको, ३६ जना भैँसीपालक किसानलाई ७५ प्रतिशत अनुदान स्वरुप रु. ४१६३२९५ उपलब्ध गराइएको र ११ जना गाईपालक कृषकलाई ६० प्रतिशत अनुदानमा रु. ९६६५५०। उपलब्ध गाइएको,

- मिनि ट्रिलर खरिदका लागि छनौट भएको सप्लायर्ससँग रु. २८४००। मा प्रतमिनिट्रिलर सम्झौता गरी २१२ कृषकहरुलाई ५० प्रतिशत लागत साझेदारीमा वितरण सम्पन्न भएको । साथै सोही दररेटमा गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत वडा नं. ४ का १३ किसानलाई मिनी ट्रिलर उपलब्ध गराइएको,
- सहकारीहरुको बार्षिक साधारण सभा तथा बिभिन्न क्रियाकलापहरुमा सहभागिता जनाई सहकारी संस्थाहरुको विनियम पुर्नलेखन प्रमाणित,
- मकै पकेट निरन्तरताको लागि सुनकोशी महिला बहुउद्देसिय सहकारी संस्थासंग रु. ४,९८,०००। को सम्झौता भई कार्य सम्पन्न,
- सुनकोशी ठोकर्पा समाज उत्थान कृषक समूह र वडा न.६ मा रहेको सुनकोशी कृषि फर्मसंग सम्झौता तथा बाख्रा पकेट निरन्तरताको लागि रु. ७,०२,०००। को सम्झौता भई कार्य सम्पन्न,
- दोस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवसको अवसरमा २ नं. वडामा रहेको पिङडाँडा सामुदायिक वीऊ बैंक मार्फत् माघ ६ गते रैथाने बाली प्रदर्शनी कार्यक्रम सम्पन्न,
- मासु प्रबद्वन कार्यक्रमका लागि सूचना प्रकाशन गरी प्रस्तावना आबह्वान भई प्रस्ताव पेश गरी सम्झौत बमोजिम काम गर्ने ७२ जनालाई अनुदान उपलब्ध गराइएको,
- पहरीबस्तीको जीवनस्तर सुधारको लागि कृषि पशुपालन र बजारमा पहुँच कार्यक्रम अन्तर्गत वडा न. १ मा रहेको पहरी समुदायका कृषकहरुलाई १३५ वटा प्लास्टिक टनेल, १० वटा प्लास्टिक पोखरीको लागि प्लास्टिक, ६० वटा मकै छोडाउने मेसिन, १०० वटा बाख्राको पाठी, २१ वटा बंगुरको पाठी वितरण,
- वितरित पाठीको सम्पूर्ण शुल्क गाउँपालिकाले बेहोर्ने गरी बिमा गरिएको र उक्त पाठीहरुलाई आवश्यक पर्ने औसधी र भिटामिनहरु समेत निशुल्क वितरण,
- सोहि कार्यक्रम अन्तर्गत वडा.न. १ मा रहेको श्री जामुने चाँपबोट भुमेश्वरी कृषक समूहलाई ५०० लिटर क्षमताको चिलिंग भ्याट, १२ टेस्टको electric centrifuge machine, २ वटा digital weighting machine र ४० लिटर क्षमताको milk can ५ वटा हस्तान्तरण गरिएको,
- कृषि, पशु तथा सहकारी विकास शाखाको कुल खर्च रु. २,२०,८४,८५० भएको ।

## ८) न्यायिक शाखा

- ७ वटै वडाका मेलमिलापकर्ता तथा संयोजकहरुसँग ४ वटा बैठक सम्पन्न,

- संविधान तथा कानून बमोजिम न्यायिक समिति क्षेत्राधिकार अन्तर्गत यस आर्थिक बर्षभित्र कार्यालयमा दर्ता भएका १४ तथा गत बर्षका २ वटा उजुरी माथि छलफल गर्नको लागि २२ पटक न्यायिक समितिको बैठक आयोजना तथा व्यवस्थापन जसमा गत बर्षका २ समेत ११ वटा उजूरी फछर्यौट,
- वडाहरुमा रहेका मेलमिलाप केन्द्रलाई नियमित सहयोग तथा समन्वय,
- न्यायिक समिति, मेलमिलाप केन्द्र, मेलमिलापकर्ता र माकुरा सदस्यहरुबीच एकदिने अन्तरक्रिया सम्पन्न भई सोही अवसरमा सरोकारवाला तथा मेलमिलापकर्तालाई पुरस्कृत गरिएको,
- २३ जना न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई ६ दिने मुस्ताङ लगायतका विभिन्न जिल्लाका अवलोकन भ्रमण गराएको,
  - रु. तीन लाखको बजेटमा ३४ जना मेलमिलापकर्ता न्यायिक समितिका पदाधिकारीहरुलाई मेलमिलाप सम्बन्धी तीन दिवसीय पुर्नताजगी तालिम सम्पन्न ।

## ९) स्वास्थ्य शाखा

- समग्र कार्यक्रमहरुको गत आ.ब. को बार्षिक समीक्षा कार्यक्रम सम्पन्न तथा नियमित मासिक समिक्षा बैठक संचालन भइरहेको,
- नियमित खोप सुदृढीकरण पूर्णखोप सुनिश्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अद्यावधिक कार्यक्रम सम्पन्न साथै पूर्णखोप सुनिश्चितता र दिगोपनाको लागि गाउँपालिकाका वडा नं. ४, ६ र ७ पुर्ण खोप वडा घोषणा कार्यक्रम सम्पन्न भएको तथा बाँकी वडा घोषणा प्रक्रियामा रहेको,
- हिमालय सोसियल वेलफेयर अर्गनाइजेशन फाउण्डेशन र स्वास्थ्य शाखाको संयुक्त आयोजनामा जलवायु परिवर्तन सम्बन्धी २ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- गाउँपालिका कार्यलय र स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर व्यवस्थापन,
- प्रत्येक ३।३ महिनामा सबै स्वास्थ्य संस्थामा गएर गर्भवती आमाहरुको अल्ट्रासाउण्डबाट गर्भ परीक्षण सेवा सूचारु तथा निरन्तरता भइरहेको,
- हरेक वर्षको राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत २०८१ बैशाख र २०८० कार्तिकमा ६ महिनादेखि ५९ महिनासम्मका सबै बालबालिकाहरुलाई खुवाउने कार्य सम्पन्न,
- पि.एन.सी. होम भिजिट (सुत्केरी पश्चात घरमा गई गरिने परीक्षण) कार्यक्रम प्रभावकारी रुपमा संचालन भइरहेको,
- नेपाल सरकारले तोकेको निःशुल्क औषधि तथा औषधिजन्य सामानहरुको खरिद आपूर्ति तथा बितरण भई सबै स्वास्थ्य संस्थाहरुमा अभाव हुन नदिइएको,
- स्वास्थ्यकर्मी, पशु चिकित्सक, जनप्रतिनिधि, शिक्षक तथा महिला स्वास्थ्य स्वयसेविकाहरुलाई जुनोटिक रोग ( रेबिज) सम्बन्धी क्षमता अबिबृद्धि कार्यक्रम सम्पन्न,

- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण साथै कार्यक्रमको डाटा भेरिफिकेसन सम्पन्न,
- विद्यालयहरुमा पोषण, खोप, सरुवा रोग तथा नसर्ने रोगहरुको स्वास्थ्य शिक्षा कार्यक्रम संचालनमा रहेको । प्रत्येक आ.व. को मंसिर र जेठ महिनामा विद्यालयका सबै विद्यार्थीहरुलाई जुकाको औषधि वितरण गरी सेवन गराइएको,
- आइ. एम. एन. सि. आई. कार्यक्रमको अनसाइट कोचिङ कार्यक्रम स्वास्थ्य संस्थाहरुमा चलिरहेको,
- सबै स्वास्थ्य संस्थाहरुमा e-LMIS ROOLOUT (आपूर्ति व्यवस्थापनको हार्डकपीबाट गरिने प्रणालीलाई हटाइको कार्य) भएको,
- २० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस डिसेम्बर ५ मा सम्पन्न,
- स्वास्थ्य चौकीहरुमा एम. एस. एस. कार्यक्रम सम्पन्न गरिएको (मांख संस्थासंग सहकार्यमा)
- वडा नं. १ को जामुनेमा रेविज रोगबाट मृत्यु भएकाको परिवार तथा समुदायमा तथ्याङ्क संकलन र प्रशिक्षण कार्य सम्पन्न भएको,
- संघीय सरकारले तोके बमोजिम दिर्घ रोगीहरुलाई मासिक रु ५०००। बिबरणमा हाल सम्म जम्मा रु ३१,८०,०००। खर्च भएको जसमा ६८.५ प्रतिशत क्यान्सर रोगीहरु भएको ।
- विद्यालयहरुमा १० देखी १९ बर्षसम्मका किशोरीहरुलाई आइरन फोलिका एसिड चक्की वितरण कार्यक्रम निरन्तर संचालनमा रहेको,
- वडा नं. ७ स्थित अस्थायी र जीर्ण भवनमा सञ्चालनरत पाङग्रेटार स्वास्थ्य चौकीको नवनिर्मित भवन २०८० फागुनबाट सेवा प्रदान गर्न शुरु गरिएको ।
- दादुरा रुबेला खोप अभियान २०८० सम्पन्न भएको जसमा ९१ प्रतिशत बालबालिकाले खोप लगाएका,
- वडा नं. १ को पहरी बस्तीमा प्रजनन् स्वास्थ्य सम्बन्धी शिविर संचालन तथा क्षयरोग कार्यक्रमको वार्षिक तथा अर्ध वार्षिक समिक्षा सम्पन्न गरिएको,
- सबै स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीहरु व्यवस्थापन गरिएको,
- सबै महिनाको मासिक प्रगति प्रतिवेदन तथा आपूर्ति व्यवस्थापनको प्रतिवेदन समयै समावेश गरी पठाइएको । साथै तथ्याङ्कको प्रतिवेदन १०० प्रतिशत रहेको,
- यस गाउँपालिकामा नियमित तथा अभियानको रुपमा संचालन हुने खोप कार्यक्रममा वितरण गरिने खोपको लागि वितरण केन्द्र नरहेको हुँदा खोप वितरण केन्द्रको लागि आवश्यक उपकरणहरुको व्यवस्था गरिएको,
- यस आ. व. देखि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई गाउँपालिकाको तर्फबाट मासिक प्रोत्साहन भत्तामा रु ५०० थप गरि रु. २०००। पुर्याई सो बमोजिम उपलब्ध गराउँदै आइरहेको,
- सुनकोशी गाउँपालिकाभित्र खोप वितरण केन्द्र नरहेको हुँदा खोप वितरण केन्द्रको लागि चाहिने सबै उपकरणहरु व्यवस्था गरी खोप वितरण केन्द्र स्थापना तथा सञ्चालनको तयारी,

- गाउँपालिका श्रोतबाट ठोकर्पामा रहेको एक एक पहिला आधारभूत अस्पताललाई रु. २० लाख बजेट ब्यवस्था,
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नसर्ने रोग, मानसिक समस्या र सामाजिक व्यवहार परिवर्तन सम्बन्धी अभिमुखिकरण १ दिने तालिम सञ्चालन,
- महिला आत्मनिर्भर केन्द्रको सहयोग तथा सहकार्यमा स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरणहरु, स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखिकरण तालिम, डेंगु रोगको रोकथामका उपायहरु, अशक्त व्यक्तिहरुलाई सेल्फ केयर सामग्री वितरण र सिकाई, कुष्ठरोग खोजपड्ताल कार्यक्रम, पोषण सम्बन्धी जनचेतना कार्यक्रमहरु सम्पन्न,
- २०८१ जेठ महिनाको १३ गतेदेखि राष्ट्रिय अभियानको रुपमा पोलियो रोग विरुद्ध आइ. पि. भी. खोप संचालनको सूक्ष्म योजना तयारी कार्यक्रम सम्पन्न,
- स्वास्थ्य तर्फको सबै अभिलेखहरुको प्रतिवेदनहरु विद्युतिय प्रणालीबाट हुने गरेको,
- स्वास्थ्य शाखाको कुल बिनियोजित रकमबाट ८८.६ प्रतिशत खर्च भएको ।

## १०) शिक्षा, युवा तथा खेलकुद शाखा

**शिक्षा सम्बद्ध केही तथ्याङ्कहरु**

आधारभुत तह (१-५): ११ वटा

आधारभुत तह (१-८): ४ वटा

माध्यमिक तह (१-१२): ६ वटा

माध्यमिक तह (१-१०) ५ वटा

संस्थागत माध्यमिक विद्यालय (१-१०): १ वटा

बालविकास ३२ (विद्यालयमा आधारित २९ र समुदायमा आधारित ३ वटा)

CLC: ४ वटा

क्याम्पस: २ वटा

प्राविधिक धार भएको विद्यालय: १ वटा

CTEVT बाट सञ्चालित विद्यालय: १

कार्यरत जनशक्ति: (प्रा.वि., नि.मा.वि. र मा.वि.) शिक्षक, वालविकास सहजकर्ता, विद्यालय कर्मचारी विद्यालय नर्स, CLC परिचालिका लगायत सबै विद्यालयहरुमा जम्मा ३२९ जना,

- भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम तोकिएको अवधिमै शिक्षकहरुको सम्पत्ति विवरण संकलन गरी शिक्षक किताबखाना र सम्बन्धित निकायमा पेश,
- तोकिएको अवधिमै शिक्षक किताबखानामा शिक्षकहरुको तलवी प्रतिवेदन तयार गरी पारित गराएको,
- शैक्षिक स्थिति प्रतिवेदन र शिक्षकहरुको का.स.मू. संकलन र आवश्यक कार्य सम्पन्न,
- गाउँ शिक्षा समितिको बैठक ४ वटा र प्रधानाध्यापक बैठक ५ वटा सम्पन्न,
- आतिरिक्त क्रियाकलाप २ वटा (बक्तृत्वकला र वादविवाद) कार्यक्रम सञ्चालन,
- सम्पूर्ण शिक्षक र कर्मचारीहरुको त्रैमासिकरुपमा ३ त्रैमासिकको तलवभत्ता निकासा गरिएको हालसम्म चैत्र महिनासम्मको तलब भत्ता निकासा,
- गाउँपालिकाभित्रका तीन जना गरिब तथा जेहेन्दारलाई अध्यक्ष छात्रवृत्ति वितरण,
- ठोकर्पा बहुमुखी क्याम्पस सञ्चालनको लागि रु. पाँच लाख पचास हजार तथा सुनकोशी बहुमुखी क्यामपस सञ्चालनको लागि रु. दुइलाख पचासहजार अनुदान निकासा,
- कक्षा ५ र ८ परीक्षा सञ्चालनको लागि प्रश्नपत्र निर्माण, परीक्षा व्यवस्थापन, नतिजा प्रकाशन गोष्ठी सञ्चालन,
- दिवा खाजा, प्रति विद्यार्थी लागतमा आधारित अनुदान, पाठ्यपुस्तक अनुदान CTEVT मा आधारित प्राविधिक विद्यालय अनुदान, विद्यालय सञ्चालन अनुदान निर्धारित समयमै निकासा,
- संघीय सरकाबाट विनियोजित बजेटबाट छात्राहरुको लागि स्यानीटरी प्याड व्यवस्थापन,
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड सञ्चालन तथा व्यवस्थापन गर्दै जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराई दोस्रो स्थान हासिल भएको तथा प्रदेश स्तरीय खेलकुदमा समेत सहभागिता जनाएको,
- करार शिक्षक नियुक्तिको लागि आधारभूत तह शिक्षक छनौट कार्यविधि, २०८० बनाइ एकमुष्ट रोष्टर शिक्षक छनौट गरी योग्यताक्रमानुसार सुचिकृत गरी चारजना शिक्षकलाई गत शैक्षिक शत्रमा नियुक्तिको लागि विद्यालयमा सिफारिस गरिएको,
- छात्रवृत्ति अनुदान वितरण कार्यक्रम, कार्य सम्पादनमा आधारित अनुदान कार्यक्रम, नमूना विद्यालय कार्यक्रम र ICT and Science Lab कार्यक्रम सम्बन्धित विद्यालयलाई उपलब्ध गराइएको
- शिक्षकसेवा आयोगबाट सिफारिस भई आएका माध्यमिक तहका २ जना र प्राथमिक तहका ७ जना शिक्षकहरुलाई पदस्थापना,
- शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण,
- वित्तिय हिसावले ९३.५७ प्रतिशत कार्यक्रम सम्पन्न ।

## ११) प्रशासन शाखा

**गाउँ कार्यकार्यपालिकाको कार्यालयमा उपलब्ध जनशक्ति**

| क्र.सं. | पद | कार्यरत | कैफियत |
|---|---|---|---|
| १. | अधिकृतस्तर | ९ | स्थायी- ६, करार-३ |
| २. | सहायकस्तर | २४ जना | स्थायी- ५ करार-१९ |
| ३. | कार्यालय सहयोगी | ४ | |
| ४. | ह.स.चा / डो.अ. | ५ | |

**वडा कार्यालयमा उपलब्ध जनशक्ति**

| क्र.सं. | पद | कार्यरत | कैफियत |
|---|---|---|---|
| १. | सहायकस्तर | १३ | प्राविधिक ७ प्रशासनिक ६ |
| २. | कार्यालय सहयोगी | ७ | करार |

**वडा कार्यालयमा उपलब्ध जनशक्ति**

| क्र.सं. | पद | कार्यरत | कैफियत |
|---|---|---|---|
| १. | सहायकस्तर | ४ | कृषि-२ पशु-२ |

- गाउँ कार्यपालिकाको बैठक १४ वटा बसी १०५ वटा निर्णय गरेको र अधिकांश निर्णयहरु कार्यान्वयनमा आएका छन् ।
- गाउँसभाको अधिवेशन १ सम्पन्न भई २०८१/०८२ को नीति तथा कार्यक्रम, बजेट, आर्थिक ऐन, विनियोजन ऐन, रोजगार रणनीति, न्यायिक समितिको बार्षिक प्रतिवेदन, लेखा

समितिको प्रतिवेदन पारित भएको र आर्थिक बर्ष २०७९/०८१ को महालेखा परीक्षकको कार्यालयबाट तयार भएको प्रतिवेदन माथि छलफल सम्पन्न ।

- ➢ गाउँपालिकाले हालसम्म निर्माण गरेका ऐन-११, कार्यविधि-२९, नियमावलीहरु-६, मापदण्डहरु-१, रणननीति-२, नीति-१, र निर्देशिका-२ रहेका छन् । यस बर्ष २ वटा ऐन, ३ वटा कार्यविधि, १ वटा रणनीति र १ वटा निर्देशिका पारित भएको छ ।

- ➢ १६ वटा व्यवसाय दर्ता र १४ वटा उपभोक्ता समिति दर्ता भएका छन्,
- ➢ सम्पुर्ण कर्मचारी तथा निर्वाचित जनप्रतिनिधिको कार्यसम्पादन मुल्याङ्कन सम्वद्ध कार्य सम्पन्न गरेको र सम्पत्ति विवरण भरी सम्वन्धित निकायमा निर्धारित समयभित्र पेश भएको,
- ➢ कर्मचारी बैठक ७ वटा सम्पन्न भएको र समसामयिक निर्णय भएका,
- ➢ प्रमुख जिल्ला अधिकारी लगाएत जिल्ला सुरक्षा निकाय प्रमुखहमरु र जनप्रतिनिधिहरुको संयुक्त बैठकमा सेवा प्रवाह सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- ➢ स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तह संस्थागत क्षमता मुल्याङ्कनसँग सम्वन्धित अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- ➢ गाउँपालिकाबाट ४ जना कर्मचारी सरुवा भई जाँदा रमाना दिइएको र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आउनु भएका ९ जनालाई स्थायी नियुक्ति तथा पदस्थापना गरी कामकाज गर्न खटाइएको,
- ➢ गाउँपालिकालाई आवश्यक जनशक्ति करार सेवाबाट पुरा गर्न पदपुर्ति समितिको बैठक बसी विज्ञापन गर्ने, दरखास्त संकलन गर्ने, लिखित परीक्षा सञ्चालन गरी नियमानुसार नियुक्ति दिइएको (का.स. २, प्राविधिक ३),
- ➢ विद्युतिय हाजिरीको पूर्ण कार्यान्वयन गरिएको साथै कर्मचारीहरु फिल्डमा जाँदा लगबुकको व्यवस्था गरिएको,
- ➢ गाउँ कार्यपालिका बैठकले निर्णय गरे बमोजिम २ वटा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी कर्मचारी व्यवस्थापन गरिएको,
- ➢ सेवाग्राहीको गुनासोको उचित व्यवस्थापन गर्न गुनासो पेटिकाको व्यबस्था गरिएको र समय समयमा सोलाई खोली सो को सुझाव कार्यान्वयन गर्न सम्बन्धित शाखा फाँटलाई निर्देश गरिएको।

## १२) आर्थिक प्रशासन शाखा

यस आर्थिक बर्षको शुरुवातबाट गाउँपालिकाबाट EFT मार्फत रकम भुक्तानी

आर्थिक प्रगति विवरण

| कुल बजेट | 621527274 | |
|---|---|---|
| | | |

| खर्चको प्रकृति | प्रतिशत | बाकी खर्च प्रतिशत |
|---|---|---|

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| चालु खर्च | 91.66 | 8.34 |
| पुँजिगत खर्च | 90.89 | 9.11 |
| जम्मा खर्च | 91.41 | 8.59 |

क्षत्रगत खर्च

| क्षत्र | खर्च प्रतिशत |
|---|---|
| आर्थिक विकास | 73.95 |
| सामाजिक विकास | 92.51 |
| पुर्वाधार विकास | 91.36 |
| सुशासन तथा अन्तर सम्बन्ध | 91.77 |
| कार्यालय संचालन तथा प्रशासनिक | 95.99 |

| शिर्षक | बजेट | वास्तविक आय | श्रोत गत खर्च |
|---|---|---|---|
| विनियोजन | 621527274 | 569326843 | 567627929.5 |
| संघीय वित्तिय समानिकरण | 108200000 | 100626000 | 99535055.39 |
| प्रदेश वित्तिय समानिकरण | 11125000 | 11125000 | 10928499 |
| संघीय राजश्व बाँडफाड | 69277000 | 69277000 | 66933444.2 |
| प्रदेश राजश्व बाँडफाड | 22169290 | 22169290 | 13643137 |
| संघीय सशर्त | 246038000 | 242788000 | 226034216.7 |
| प्रदेश सशर्त | 23686000 | 23686000 | 22422233 |
| संघीय विशेष अनुदान | 11500000 | 11500000 | 11216481 |
| प्रदेश विशेष अनुदान | 3000000 | 3000000 | 2989820 |
| संघीय समपुरक | 6000000 | 6000000 | 6000000 |
| प्रदेश समपुरक | 25000000 | 25000000 | 15063100 |
| | 0 | 0 | 0 |
| आन्तरिक आय तर्फ | 0 | 0 | 0 |
| अ.ल्या | 48970920 | 48970920 | 48970920 |
| लिवर्ड संस्थाबाट प्राप्त आय | 100000 | 100000 | 100000 |
| अनुमान गरीएको आन्तरिक आय | 44046472.22 | 2670041 | 41376431.22 |
| सडक वोर्ड बाट | 2414592 | 2414592 | 2414592 |
| | | | |
| खर्च प्रतिशत समग्रमा | | | 91.41 |
| चालु खर्च प्रतिशत | | | 91.66 |
| पुँजिगत खर्च प्रतिशत | | | 90.89 |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका

## १३) आन्तरिक लेखा परीक्षण शाखा

- २०७८/७९ सम्मको महालेखा परीक्षकको प्रतिवेदनमा कायम रहेको वेरुजूमध्ये विभिन्न प्रमाण, दाखिला तथा नियमित गरी रु. १,४७,२१,२२१।- फर्छौट भएको,
- विद्यालय तथा अन्य निकायहरुको बेरुजु फर्छौटको लागि आवश्यक नियमित समन्वय भइरहेको र प्राप्त प्रमाणका आधारमा nepal audit management system (NAMS) software मा upload हुँदै,
- आ.व. २०७९/८० को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएको बेरुजु रकम रु. २,९०,९९,४९९/- रहेकोमा असूल उपर, नियमित तथा प्रमाण पेश गर्नु पर्ने सम्बन्धमा सम्बन्धितसँग फर्छ्यौटको लागि समन्वय भइरहेको,
- गाउँपालिकाको आर्थिक प्रशासन शाखामा नियमित रुपमा कामकाज गरिरहेको ।

## १४) रोजगार सेवा केन्द्र

- ५६९ महिला र ६४३ पुरुष गरी जम्मा १२१२ जना वेरोजगारहरु सूचिकृत,
- नेपाल सरकारको श्रोतवाट रु. ३६ लाख र आई.डि.ए. श्रोतवाट रु. ४१ लाख गरी जम्मा रु. ७७ लाख प्राप्त,
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न ७ वटा योजनामा ८४ जनाको लागि १०० दिनको रोजगारी सिर्जना हुने लक्ष्य,
- गाउँपालिकाबाट थप ५ लाख र वडागत वडास्तरीय बजेटबाट ६ नं. वडामा ५ लाख तथा १ नं. वडामा १ लाख साझेदारी स्वरुप बिनियोजन भई योजना सम्झौता सम्पन्न भई सञ्चालनमा रहेको,
- निर्देशक समितिको बैठक संख्या ४
- रोजगारी सिर्जना बापत प्राप्त संघीय अनुदानको ९९.५ रकम खर्च भएको ।

## १५) गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

सशर्त अनुदान रु. १३ लाख र गाउँपालिकाबाट विनियोजित वजेट रु. ३ लाख

- आ.व. २०७९।८० मा सम्पन्न विभिन्न किसिमका सीप विकास तालिम लिएका उद्यमीहरुको अनलाईनबाट उद्यमीहरुको तथ्याङ्क प्रविष्टि,
- आ.व. २०७९।८० मा लागत साझेदारीमा वितरण गरिएको सुधारिएको आरन प्राप्त गर्ने उद्यमीहरुको उद्यम व्यवसायको स्थलगत अवलोकन तथा अनुगमन गर्ने कार्य सम्पन्न,
- ३ नं. वडाको शेरामा निर्माण भएको साझा सुविधा केन्द्रमा संचालन भएको दुना टपरी उद्योगको लागि रु. ५४,१००। बराबरको दुना टपरी बनाउने डाइ खरिदार्थ सहयोग तथा काठमाडौमा दुना टपरी प्रदर्शनीको लागि रु. ७,०००। बराबरको ढुवानी सहयोग,

- स्तरोन्नती तर्फको कार्यक्रम अन्तगत १० जना सिलाई कटाईका उद्यमीहरुलाई थप १ महिना एडभान्स् सिलाई कटाई सीप विकास तालिम संचालन,
- प्रविधि हस्तान्तरण अन्तगत लप्सी प्रशोधन उद्योगको लागि आवश्यक लप्सी पल्प मिक्सिङ्ग मेशिन खरिद गरी हस्तान्तरण,
- स्तरउन्नती तर्फको कार्यक्रम अन्तगत वडा नं १ मा फुलपाती लघु उद्यमी समुहद्धारा संचालित वन बनाउने उद्यम व्यवसायलाई प्रोत्साहन तथा सहजिकरणको लागि आवश्यक कच्चा पदार्थ गरी हस्तान्तरण,
- नयाँ उद्यमी सिर्जना तर्फको कार्यक्रम अन्तगत वडा नं ३ कालिकामा बाँस तथा निगालोको हस्तकला सम्वन्धी सीप विकास तालिम र ट्याक्टर(मिनी ट्रिलर) मर्मत सम्वन्धी सीप विकास तालिम संचालन भएको ।

## १६) जिन्सी शाखा

- वडा अध्यक्षज्यूहरुको लागि ६ वटा तथा कार्यालय प्रयोजनको लागि १ समेत गरी ७ वटा मोटर साइकल खरिद,
- वडा कार्यालय तथा कार्यालय प्रयोजनको लागि ६ वटा डेस्कटप तथा ४ वटा प्रिन्टर खरिद तथा जडान,
- कार्यालय प्रयोजनको लागि १ थान क्यामेरा तथा १ थान मोबाइल खरिद,
- हल व्यवस्थापन तथा न्यायिक इजलासको लागि रु. १५ लाख विनियोजन भएकोमा सो को कार्य सम्पन्न,
- सात ओटै वडा कार्यालयहरुमा ब्याकअप जडान सम्पन्न ।

## १७) सामाजिक विकास शाखा

- लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र वाल दिवसको अवसरमा गाउँपालिका स्तरीय सामुदायिक मा.वि. हाजिरी जवाफ प्रतियोगिता सम्पन्न,
- गाउँपालिकाभित्रका ९० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक दिवसको अवसरमा जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप इलेक्ट्रिक जग, हट व्याग तथा ब्लाङ्केट वितरण,
- गाउँपालिकाभित्र कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेका गैर सरकारी संस्थाहरुसँग समन्वयात्मक वैठक २ पटक सम्पन्न,
- महिला: ३४ पुरुष: ५५ गरी यस बर्ष ८९ जनालाई अपांङ्गता परिचय पत्र तथा महिलाः ७ र पुरुषः ६ जना गरी १३ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण,
- तीज विशेष कार्यक्रमको लागि स्वीकृत वजेटबाट वडा नं. १ का महिला संजाललाई सहयोग उपलब्ध गराइएको,
- मिति २०८०।११।१४ गते गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन गर्ने कार्य सम्पन्न,

➢ आशा नेपालसँगको सहकार्यमा ग्रामिण महिला सिर्जनशील परिवारको हलमा ७ वटै वडाका महिला क्षमता विकास तालिम संचालन,

➢ प्रदेश सरकारको अनुदानमा सञ्चालन हुने **CBR** कार्यक्रम संचालन गर्नको लागि गै.स.स. हरुबाट प्रस्तावना आव्हान गरिएकोमा **HRDC** धुलिखेल काभ्रेपलाञ्चोकले १ मात्र प्रस्ताव पेश गरेको हुँदा आएकोले सम्झौता गरी कार्यक्रम संचालन तथा सम्पन्न,

➢ प्रदेश सरकारबाट आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत प्राप्त अनुदानबाट विभिन्न विद्यालयमा अध्ययनरत १० जना बालिका र २ जना बालक गरी १२ बालबालिकाहरुलाई रु. ६०००। को दरले ७२०००। उपलब्ध गराइएको,

➢ २०७९/०८० को GESI AUDIT सम्पन्न भई ५८ अंक प्राप्त भएको जुन गत बर्षको तुलनामा २ अंक बढी हो ।

## १८) बहुक्षेत्रीय पोषण कार्यक्रम

➢ सशर्त अनुदान मार्फत प्राप्त रु. १० लाख र गाउँपालिकावाट विनियोजित रु. २ लाख ६३ हजार,

➢ आ.व.२०७९/८० मा यस शाखा मार्फत सम्पादन गरिएको कार्यक्रमहरु अनलाईनबाट तथ्याङ्क प्रविष्टि,

➢ गत आ.व.२०७९/८० मा छनोट भई कार्यक्रम सञ्चालन गर्ने महिला सहकारी संस्थाको अनुगमन,

➢ ANC चेकअप गराउने महिलाहरुलाई ४ क्रेटका दरले अण्डा वितरण भइरहेको ।

## १९) कार्यक्रमका केही तस्वीरहरु

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३











सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३












जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका





सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३








सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३









# धन्यवाद